# लिखु पिके गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## चौंलाखर्क, सोलुखुम्बु
### कोशी प्रदेश, नेपाल

लिखु पिके गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय चौंलाखर्क, सोलुखुम्बु कोशी प्रदेश, नेपाल

**पत्र सङ्ख्या (क.प्र.) २०८१/०८२**
**च.नं.-**

## व्याक हो-लोडर भाडामा लिने सम्बन्धी सूचना!!!
## सूचना प्रकाशन मिति : २०८२।०३।२९

लिखु पिके गाउँपालिकामा भारी वर्षा र वाढीको कारण यस क्षेत्रका सडकहरु क्षेतिग्रस्त भई आवत जावत गर्नका लागि कठिनाई हुन सक्ने भएको हुँदा सडक मर्मत तथा सरसफाई गर्नको लागि तपशिल बमोजिम उल्लेख भएको शर्त तथा विवरणका आधारमा ब्याक हो- लोडर भाडामा लिनुपर्ने भएको हुँदा सम्बन्धित फर्म तथा व्यवसायीहरुको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**कार्यविवरण**

क) **ब्याक हो लोडरमा हुनुपर्ने क्षमताः-** ४१६० CC वा सो भन्दा माथि,
ख) **कार्य गर्नु पर्ने क्षेत्र :-** लिखु पिके गाउँपालिका ५ वटै वडा भित्र,
ग) **मुख्य कार्यः-** सडक अवरोध हटाउने तथा भल व्यवस्थापन,
घ) **सवमयावधि :-** बढिमा २०८२ असोज मसान्त सम्म,
ङ) **प्रति महिना कम्तिमा सेवा लिनु/दिनु पर्ने घण्टाः-** १०० घण्टा,
(तोकिएको काम बाहेक २४ सै घण्टा कार्यालय परिसरमा नै तयारी अवस्थामा रहनु पर्ने)

**१.पेश गर्नुपर्ने कागजात तथा समय**

क) ईन्धन तथा भ्याट सहितको प्रति घण्टाको दरको शिलबन्दी दरभाउपत्र ।
ख) ब्याक हो-लोडर सम्बन्धि कागजात ।
ग) फर्म तथा व्यवसायको दर्ता, नवीकरण, प्यान/भ्याट, करचुक्ता सम्बन्धि कागजात ।
घ) उल्लेखित कागजात सहितको निवेदन सूचना प्रकाशन भएको मितिले ७ औं दिनको १२ बजे सम्म कार्यालयमा दर्ता गरिसक्नुपर्नेछ ।

**२.शर्तहरु**

क) ब्याक हो लोडर चालकको पारिश्रमिक तथा अन्य सुविधा र ब्याक हो लोडरको नियमित मर्मत सम्भार, ईन्धन, नियमानुसार सवारी कर तथा वहाल कर फर्म/व्यवसायी स्वयंले बेहोर्नु पर्नेछ ।
ख) ब्याक हो लोडर सम्झौता अवधिभर पूर्णतया पालिकाको अधीन र प्रयोगमा रहनेछ ।
ग) सम्भावित दैवि प्रकोपबाट हुने क्षेतिको सम्बन्धमा फर्म/व्यवसायी स्वयम् जिम्मेवार हुनेछ ।
घ) ब्याक हो लोडर भाडामा लिदा प्रत्येक महिनाको अन्तिममा भुक्तानी गरिनेछ तर अग्रिम पेश्की उपलब्ध गराइने छैन ।
ङ) पेश भएका दरभाउपत्रहरु कार्यालयको हितलाई ध्यानमा राखी पूर्ण/आंशिक रुपमा स्वीकृत/अस्विकृत गर्ने अधिकार कार्यालयको हुनेछ ।
च) अन्य शर्तहरु सम्झौता बखत आपसी समझदारीमा तय गरिनेछ ।

अग्नी प्रसाद पराजुली
प्रमुख प्रशासकीय अधिकृत

website: likhupikemun.gov.np, Email: likhupikerm@gmail.com